# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

**खण्डः९** **संख्याः ३२** **प्रमाणिकरण मितिः २०८३/०३/२७**

**भाग १**

**जीतपुरसिमरा उपमहानगरपालिका**

**जीतपुरसिमरा उपमहानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन(पहिलो संशोधन),२०८३**

जीतपुरसिमरा उपमहानगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ मा मेलमिलापकर्ताको योग्यता सम्बन्धी व्यावहारिक जटिलताहरूलाई फुकाई स्थानीय स्तरमा जनशक्ति परिचालन तथा प्राथमिकता प्रदान गर्न, योग्यताको दायरा फराकिलो बनाउन वाञ्छनीय भएकोले, जीतपुरसिमरा उपमहानगरपालिकाको नगर सभा सञ्चालन नियमावली, २०७५ बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन(पहिलो संशोधन), २०८३" रहेको छ।
   (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल ऐनको दफा ५८ मा संशोधनः** मूल ऐनको दफा ५८ को उपदफा १(क) मा रहेका **"स्नातक"** भन्ने शब्दको सट्टा **"एस.एल.सी./एस.ई.ई."** भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत